म.जि.प्र.का दर्ता नः
१०४/०६७/०६८

बागमती प्रदेशको राजधानी हेटौंडाबाट प्रकाशित लोकप्रिय 'क' वर्गको समाचारपत्र

# समृद्ध समाज

SAMRIDDHA SAMAJ NATIONAL DAILY राष्ट्रिय दैनिक

म.जि.हु.का.द.नं.
३०/०६९/०७०

वर्ष:१६ अङ्क:- ११४ २०८१ फागुन २९ गते बिहीबार 13 March 2025, Thursday - पृष्ठ ४ मूल्य रू. ५/-

**फागु पूर्णिमाको शुभकामना**

नेपालीहरुको महत्वपूर्ण पर्व फागु पूर्णिमाको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

सुरेश श्रेष्ठ, सम्पादक
एवम् समृद्ध समाज राष्ट्रिय दैनिक
हेटौंडा, मकवानपुर

**नोट** : फागु पूर्णिमाका कारण फागुन २९ गते कार्यालय बन्द रहने, चैत १ गते नियमित विदा रहने भएकोले समृद्ध समाज राष्ट्रिय दैनिकको आगामी अंक चैत ३ गतेदेखि नियमित प्रकाशन हुने जानकारी समेत गराइन्छ ।

# बागमतीमा राजस्व बढाउन गठित अध्ययन समितिले थाल्यो काम

समाज संवाददाता

हेटौंडा : बागमती प्रदेश सरकारको आर्थिक मामिला तथा योजना मन्त्रालयले राजस्व सुधारका लागि गठन गरिएको अध्ययन समितिसँग छलफल गरेको छ । मन्त्रालयले राजस्व सुधारका लागि गठन गरिएको समितिका सदस्यहरुसँग मंगलबार छलफल गरेको हो । राजस्व सुधार समितिको प्रारम्भिक प्रतिवेदन तथा अध्ययन ढाँचा, विधी लगायतका विषयमा आर्थिक मामिला तथा योजना मन्त्री कुन्दनराज काफ्ले, प्रदेश नीति तथा योजना आयोगका उपाध्यक्ष डा. गंगादत्तत नेपाल, प्रदेशका सचिव महादेव पन्थ लगायत प्रदेश सचिव र कर्मचारीहरुसँग छलफल गरिएको हो ।



समुन्नत प्रदेश निर्माणका लागि राजस्वका स्रोत, संकलनको अवस्था, समस्या लगायतका विषयको विश्लेषण गर्दै राजस्व परिचालनमा सुधार र नयाँ क्षेत्र पहिचान तथा विस्तार गर्न उक्त समितिले अध्ययन थालेको हो । समितिले प्रदेशको राजस्वको विद्यमान अवस्था विश्लेषण गर्ने, राजस्व वृद्धि तथा परिचालन, राजस्व परिचालन क्षमता एवम् प्रभावकारिता अभिवृद्धि, राजस्व संकलनको नयाँ र लगानीका क्षेत्र पहिचान तथा कार्ययोजना तर्जुमा, आगामी ३ वर्षको राजस्वको प्रक्षेपण र राजस्व परिचालनमा तहगत सहकार्यको उपयुक्त संयन्त्र सिफारिस गर्ने उद्देश्य अनुसार सो समितिले काम थालेको हो ।

नेपाल सरकारका पूर्वसहसचिव किशोरजंग कार्कीको संयोजकत्व, पूर्वसहसचिव लेखनाथ पंगेनी, अर्थविज्ञ डा. संजिव हुमागाई, बैंकर गंगा सापकोटा र अनुसन्धानकर्ता प्रेम दवाडी सदस्य रहेको उक्त समितिले कर, गैरकरको आधार, दर, दायरा र प्रशासन अध्ययन, प्रदेशको कुल गार्हस्थ उत्पादन र राजस्वको अवस्था, बजेट, नीति तथा कार्यक्रम एवम् प्रतिवेदन अध्ययन, राजस्व परिचालनमा सुधारका क्षेत्र पहिचान, ३ वर्षको राजस्व सुधार कार्ययोजना तर्जुमा र राजस्व प्रक्षेपणका क्षेत्रमा कार्यगत अध्ययन गर्नेछ ।

समितिले राजस्व क्षमता र सम्भाव्यता विश्लेषण गरी कृषि आय कर, सवारी साधन कर, मनोरञ्जन कर, विज्ञापन कर तथा गैरकर राजस्व क्षेत्रहरु घरजग्गा रजिष्ट्रेशन शुल्क, वाहन कर शुल्क, पर्यटन शुल्क, ढुंगा, बालुवा, माटो र काठ बिक्री, वातावरण सेवा शुल्क, उद्योग र व्यवसाय लिन्सेन्सिङ, दर्ता र नविकरणीय शुल्क, दण्ड, जरिवाना र जफत लगायतका क्षेत्रमा प्रदेश सरकारको समस्या चुनौती र अवसरका विषयमा अध्ययन सहित सुझाव दिने समितिका सदस्य दवाडीले बताउनुभयो ।

उहाँका अनुसार प्रदेशको राजस्व अधिकारको प्रत्येक क्षेत्रमा नीति, संरचना र अभ्यासहरू सहित राजस्व आधार, दायरा, दर र व्यवस्थापनको विश्लेषण हुनेछ । समितिले आगामी ३ महिना भित्र आफ्नो अध्ययन प्रतिवेदन मन्त्रालयमा बुझाउने गरी प्रदेशको राजस्व अनुमान तथा प्रक्षेपण, राजस्वको शीर्षकगत प्रवृति, राजस्व प्रक्षेपणको आधार, राजस्व सुधार कार्ययोजना, राजस्व आधार तथा दायरासँग सम्बन्धित प्रमुख सवाल तथा चुनौतिहरु, लगानीका प्राथमिक क्षेत्रहरु र प्रदेश सरकारको प्राथमिकताका क्षेत्रहरु पहिचान गर्ने उहाँले बताउनुभयो ।

समितिले राजस्व संकलनको अवस्था र योजना अनुगमनको पाटोलाई छुट्टै कार्यक्रम तयार गरर अघि बढ्नु पर्ने दवाडीको भनाइ छ । राजस्व वृद्धि र खर्च कटौतीमा तथा प्रभावकारी योजना निर्माणमा बढी जोड पर्ने उहाँले बताउनुभयो । समितिका संयोजक कार्कीले डिजिटल प्लेटफर्मलाई करको दायरामा ल्याउनु पर्ने बताउनुभयो । उहाँले पछिल्लो समय उच्च रुपमा प्रयोगमा आइरहेको युट्युव, अनलाइन, टिकटक लगायतका मनोरञ्जनात्मक प्लेटफर्मलाई प्रदेशको राजस्वको क्षेत्रमा समावेश गर्नुपर्ने बताउनुभयो । स्थानीय तहलाई विज्ञापन तथा मनोरञ्जन कर संकलनमा प्रभावकारी बनाउने र कृषि आयको क्षेत्रमा रहेका समस्या समाधान गर्नेगरी अध्ययन गर्ने उहाँको धारणा थियो ।

## प्रदेशको लगानी व्यवस्थापन गर्न सुझाव

समितिसँगको छलफलमा प्रदेशका सचिव तथा कार्यालय प्रमुखहरुले प्रदेशको आवश्यकता र भूगोल अनुकुल योजना निर्माण गर्नुपर्ने बताए । उनीहरुले प्रयोगमा नआउने आयोजनामा सरकारको लगानी भइरहेकाले सुधार गर्नुपर्ने बताएका छन् ।

राजस्वमा सुधार नभए प्रदेश सरकारको स्थायित्व निकै कठिन रहेकोले बजेटलाई अनुशासन कायम गर्न समितिले उपयुक्त सुझाव दिने उनीहरुले विश्वास व्यक्त गरे । आन्तरिक स्रोतलाई बलियो बनाउन क्षेत्र पहिचान गरी प्रदेशको सम्भावना निर्धारण गर्नुपर्ने उनीहरुले बताए । नागरिकलाई समस्या नपारी राजस्व संकलन गर्नुपर्ने उनीहरुको भनाई छ । उनीहरुका अनुसार विद्युतीय सवारी साधन, विज्ञापन मनोरञ्जन करलाई व्यवस्थापन गर्नुपर्ने उनीहरुले बताए । उनीहरुले प्रदेश सरकारले कार्यान्वयनमा ल्याएको गौरवका आयोजनाको अवस्था जिर्ण र निर्माण भएका संरचना अलपत्र रहेको टिप्पणी गरे । समितिको काम बजेटको प्राथमिकताको हिसावले उपयुक्त हुने र ठूलो राजस्व क्षेत्रमा प्रदेशको भूमिकाको सम्भावना अध्ययन गर्नुपर्ने बताए । कर प्रणाली र कर दाताको समन्वयात्मक भूमिका निर्माण गर्न जरुरी रहेको उनीहरुको भनाई छ ।

'प्रदेशको एकल अधिकारमा रहेको कृषि क्षेत्रलाई करको दायरा तयार गर्न कृषि आयोगसँग समन्वय, कृषि फर्म कम्पनी मोडलमा असंगठित कृषकलाई समेट्ने र अनौपचारिक क्षेत्रमा छरिएर रहेका करदातालाई औपचारिक क्षेत्रमा समेट्ने योजना आवश्यक छ ।' उनीहरुले भने, 'सवारी साधन करको मापदण्डमा एकरुपता कायम गरेर अघि बढ्न संघीय सरकारसँग समन्वय जरुरी छ । प्रदेश सरकारको अनुगमनको पाटो कमजोर हुँदा प्रदेश मातहत रहेका २०० बेडका अस्पताल, कन्सल्टेन्सी, जडिबुटी र वन पैदावरको रोयल्टी तथा राजस्व संकलन गर्न सक्ने अवस्था छैन । उक्त अवस्थालाई सुधार गर्नुपर्छ ।' दहत्तर बहत्तरलाई व्यवस्थापन गर्न कानुन निर्माण गरेर राजस्वको दायरामा बढाउन उनीहरुले बताए । नदीजन्य पदार्थ उत्खनन् कार्य ठेक्का मोडल भन्दा पनि एउटाले घाटगद्दी गर्ने र अर्कोले विक्री गर्ने मोडलमा संचालन गर्न उनीहरुको जोड रहेको थियो ।

## आगामी बजेटमा कार्यान्वयन गर्ने मन्त्रालय र आयोगको तयारी

राजस्व सुधार समितिको अध्ययन प्रतिवेदनलाई आगामी आर्थिक वर्षको बजेटमा कार्यान्वयन गर्नेगरी आर्थिक मामिला तथा योजना मन्त्रालय र प्रदेश नीति तथा योजना आयोगको तयारी रहेको छ । आयोगका उपाध्यक्ष गंगादत्त नेपालको पहलमा दातृ संस्थाको सहयोग मार्फत् थालिएको उक्त अध्ययन कार्यको प्रतिवेदन आगामी बजेटमा नै कार्यान्वयन गर्ने मन्त्रालय र आयोगको तयारी रहेको छ ।

छलफललाई सम्बोधन गर्नुहुँदै आर्थिक मामिला तथा योजना मन्त्री कुन्दनराज काफ्लेले आगामी बजेटमा समितिको प्रतिवेदनमा समेटिएका सुझाव कार्यान्वयन गर्ने प्रतिवद्धता व्यक्त गर्नुभयो । उहाँले प्रदेशका समस्या र चुनौतीलाई व्यवस्थापन गर्ने गरी समितिले अध्ययन गरिदिन आग्रह गर्नुभयो । प्रदेश सरकार बजेट कार्यान्वयनमा प्रभावकारी काम गर्न तयार रहेकाले प्रदेशको सम्भावना र संघीयतालाई सशक्त बनाउने गरी प्रदेशको आन्तरिक स्रोत व्यवस्थापनको सहज वातावरण औंल्याउन उहाँले आग्रह गर्नुभएको छ ।

आयोगका उपाध्यक्ष नेपालले प्रदेश सरकार बजेटलाई व्यवस्थित र प्रभावकारी बनाउने उद्देश्य अनुसार अघि बढेको बताउनुभयो । उहाँले आगामी वर्षको बजेटमा समावेश गर्ने गरी समितिको प्रतिवेदन र सो प्रतिवेदनका योजना तयार गर्न जरुरी रहेको बताउनुभयो । समितिको कामले संघीयताप्रतिको वितृष्णालाई चिर्ने गरी करको दर र दायरा निर्धारण गर्ने प्रतिवेदन तयार गर्नुपर्ने उहाँको भनाई छ । प्रदेशको आवधिक योजना सच्याउने गरी राजस्व र लक्ष्य निर्धारण गर्ने काम भइरहेको उहाँको भनाई छ । बजेटलाई व्यवस्थित गर्न आयोजना बैंक संचालनको तयारी रहेकाले समितिको प्रतिवेदनले थप सहजता मिल्ने उहाँले बताउनुभयो । प्रदेश सरकारले योजनामा बजेटको सीमा निर्धारण गर्ने गरि अघि बढ्ने काम भइरहेको बताउनुभयो ।

प्रदेशका प्रमुख सचिव महादेव पन्थका अनुसार प्रदेशको आन्तरिक आय सवारी साधन रहेकाले सेवा प्रवाहलाई गुणस्तरीय बनाउने र राजस्व संकलन बढाउने गरी अघि बढ्नुपर्छ । मनोरञ्जन कर संकलन गर्न प्रदेश सरकारले चलचित्र सम्बन्धी ऐन निर्माणको तयारी गरेको उहाँको भनाई छ । वन सम्बन्धी कर संकलन गर्न नभएको र ट्राफिकको जरिवानाको कर पनि प्रदेशमा आउने वातावरण तयार गर्नुपर्ने उहाँले स्पष्ट पार्नुभयो । प्राकृतिक स्रोतको सदुपयोग गर्दै कर संकलन गरी उत्पादन योग्य क्षेत्रमा लगानी गर्नुपर्ने प्रमुख सचिव पन्थको भनाई छ ।

# मोटरसाइकलको ठक्करबाट घाइते बृद्धको मृत्यु

समाज संवाददाता

हेटौंडा : हेटौंडा-२, मानसचोकमा मंगलबार मोटरसाइकलको ठक्करबाट घाइते भएका हेटौंडा-५ का वृद्धको उपचारको क्रममा मृत्यु भएको छ ।

यही फागुन ८ गते मानस चोकबाट लोकप्रिय चोकतर्फ जाँदै गरेको बा प्र ०३-०४ प ७४३८ नम्बरको मोटरसाइकलले ठक्कर दिँदा पैदलयात्री हेटौंडा-५, सानोपोखराका ७३ वर्षीय बिष्णु खड्का घाइते भएका थिए । मनहरी गाउँपालिका-७, ज्यामिरेका १९ वर्षीय विवश गिरीले चलाएको मोटरसाइकलको ठक्करबाट गम्भीर घाइते भएका वृद्धको चितवन मेडिकल कलेजमा उपचारको क्रममा मंगलबार बिहान १०:२० बजेको समयमा मृत्यु भएको बागमती प्रदेश प्रहरी कार्यालय हेटौंडाले जनाएको छ ।

## बकैयामा मोटरसाइकल दुर्घटना

# चालक रुपक दियालीको मृत्यु

समाज संवाददाता

हेटौंडा : मदन भण्डारी लोकमार्गको हेटौंडा-सिन्धुली सडकखण्डअन्तर्गत मकवानपुरको बकैया गाउँपालिका-४, जुरेली बजारमा मोटरसाइकल दुर्घटना भएको छ । मंगलबार राती २ बजेको समयमा भएको दुर्घटनामा परी मोटरसाइकल चालक बकैया-४ का ३३ वर्षीय रुपक दियालीको मृत्यु भएको बागमती प्रदेश प्रहरी कार्यालय हेटौंडाले जानकारी दिएको छ ।

बकैया-३, हात्तिसुडेबाट हेटौंडा-१८, ठुलोदमारतर्फ आउँदै गरेको बा ४० प ५३०६ नम्बरको मोटरसाइकल जुरेली बजारको घुम्तीमा आफैं अनियन्त्रित भई दुर्घटना हुँदा रुपकको टाउकोमा गम्भीर चोट लागेको थियो । रुपकलाई बकैया अस्पतालमै प्राथमिक उपचारपछि हेटौंडा अस्पताल पठाइएको थियो । बुधबार बिहान साढे ४ बजेको समयमा हेटौंडा अस्पताल ल्याइपुऱ्याउँदा चिकित्सकले रुपकको मृत्यु भएको घोषणा गरेको प्रहरीले जनाएको छ ।

# हेटौंडाको प्रशासकीय प्रमुखमा गौतम




समाज संवाददाता

हेटौंडा : हेटौंडा उपमहानगर पालिकाको प्रमुख प्रशासकीय अधिकृतमा सहसचिव भरत गौतम आउनुभएको छ । यसअघिका उपसचिव सूर्यप्रसाद गौतम प्रमुख प्रशासकीय अधिकृत हुनुहुन्थ्यो । सूर्यप्रसाद गौतम गत शुक्रबार जानुभयो भने आइतबारबाट भरत गौतम हाजिर हुनुभएको छ ।

सहसचिव गौतम यसअघि सूचना विभागमा महानिर्देशक हुनुहुन्थ्यो । गौतम पहिलो पटक पालिकाको प्रमुख प्रशासकीय भूमिकामा हेटौंडा आउनुभएको हो । गुल्मीका गौतम २०५३ सालमा शाखा अधिकृतको रुपमा निजामति सेवामा प्रवेश गर्नुभएको हो । उपमहानगरपालिकामा सहसचिवको दरबन्दी भए पनि यसअघि उपसचिवलाई जिम्मेवारी दिइएको थियो ।

हेटौंडा उपमहानगरपालिकामा प्रमुख प्रशासकीय अधिकृतको कार्यअवधि छोटो रहने गरेको छ । यसअघिका सूर्यप्रसाद गौतम गत असार १२ गते उपमहानगरमा हाजिर हुनुभएको थियो । त्यसअघि रामबाबु पुरी पनि छोटो अवधिमै सरुवा हुनुभएको थियो ।

**सुखद् दाम्पत्यको कामना**



हाम्रा पूर्वसहकर्मी, हाल काठमाडौंमा रहेर अनलाइनखबरमा कार्यरत भीमफेदी गाउँपालिका-९, नामटार निवासी **अमृत चिमरिया**को मिति २०८१ साल फागुन २८ गतेका दिन भीमफेदी गाउँपालिका-५, सुपिङकी **संगीता पुडासैनी**सँग शुभ विवाह सम्पन्न भएकोमा नवविवाहित जोडीलाई बधाई एवम् सुखद् दाम्पत्य जीवनको शुभकामना व्यक्त गर्दछौं ।

सुरेश श्रेष्ठ, सम्पादक
एवम् समृद्ध समाज राष्ट्रिय दैनिक परिवार
हेटौंडा, मकवानपुर

# पटेर्वा सुगौली गोल्डकपमा हेटौंडा फुटबल एकेडेमी

समाज संवाददाता

हेटौंडा : नेकपा एमाले मनहरी गाउँपालिका कमिटीले मेलाको टिकट दर वृद्धि गरेको विषयमा आपत्ती जनाएको छ । मनहरीमा जारी खेलकुद तथा व्यापार मेलाको प्रवेश टिकटको दर वृद्धि गरिएको भन्दै आपत्ति जनाएको हो ।

बुधबार एमाले मनहरीले विज्ञप्ती जारी गर्दै मनहरी गाउँपालिका-८ सिमपानीमा चलिरहको मेलाको टिकट दर बढाएर नागरिकलाई ठगी गरिरहेको जनाएको छ । आयोजकले बिहीबार टिकटको मुल्य बढाएर बिक्री गर्न लागेको एमाले अध्यक्ष नविन सुवेदीले बताउनुभयो । सरोकार वाला संघसंस्था, राजनीतिक पार्टी, नेकपा एमाले लगायत अन्य राजनीतिक दलहसँग सरसल्लाह समेत नगरी स्थानीय सरकारको लगानीमा चरम आर्थिक मन्दीका बीच महोत्सव सञ्चालन गर्दा मनहरीका व्यापारी र व्यवसायीहरु मारमा परेको उहाँको भनाई छ । उहाँका अनुसार नियमित रुपमा ७० रुपैयाँमा बिक्री गरेको प्रवेश टिकट फागु पूर्णिमाको अवसर पारेर प्रतिव्यक्ति २५० रुपैयाँ राखेकोमा आपत्ति जनाइएको हो ।

'ग्रामीण क्षेत्रमा गरिएको महोत्सवलाई व्यापारीकरण गरी व्यापारको बाटोमा मात्रै आयोजक बढेकोमा हाम्रो आपत्ति छ । हामी उक्त निर्णय सच्याउन र पुरानै टिकट दर कायम गर्न यो ध्यानाकर्षण पत्र पेस गर्दछौ ।' उहाँले जारी गर्नुभएको विज्ञप्तीमा उल्लेख गरिएको छ, 'गत वर्षहरुभन्दा यसपटक विविध विधाहरु राखेर खेलहरु खेलाइएको खेलकुदहरुमा प्रतियोगिताहरुमा चौतर्फी सरोकारवालाहरु अनुपस्थित भएका छन् भने पूर्व खेलाडीहरुलाई महोत्सवबारे जानकारी समेत गराइएको छैन ।'

यस विषयमा प्रमुख जिल्ला अधिकारी स्किम श्रेष्ठसँग बुझ्दा प्रशासनले मेलामा सुरक्षाका लागि मात्र काम गर्ने र प्रहरी परिचालन गरी सुरक्षा दिइरहेको बताउनुभयो । मेला आयोजना गर्ने क्रममा प्रशासनसँग नभई आयोजकले गाउँपालिकासँग अनुमती लगायतका विषयहरुमा सम्झौता गरेको र सोही अनुसार मेला आयोजना भएको उहाँको भनाई छ । सो विषयको अनुगमन तथा नियमनको पाटो सम्बन्धित स्थानीय तह नै रहने उहाँले बताउनुभयो । सो विषयमा मनहरी गाउँपालिकाका अध्यक्ष रञ्जन कालाखेतीलाई सम्पर्क गर्दा उहाँको फोन उठेन ।

## सम्पादकीय

# फागु पूर्णिमाको शुभकामना

फागुन शुक्ल पूर्णिमाका दिन मनाइने फागु पूर्णिमा अर्थात् होली पर्व आज हिमाली एवं पहाडी जिल्लामा हर्षोल्लासका साथ एकआपसमा रङ र लोला खेली मनाइँदैछ । वसन्त ऋतुको आगमनसँगै आपसी मेलमिलाप र सद्भावनाको सन्देश लिई आउने फागु पर्व आज परम्परागत रूपमा विभिन्न रङ र लोला खेली मनाउने प्राचीन परम्परा छ । फागु पूर्णिमा आपसी सद्भाव र स्नेहको पर्व पनि हो । फागु पूर्णिमामा अभद्र व्यवहार पनि हुने गरेको पाइन्छ । अभद्र व्यवहार हुने सम्भावनाकै कारण प्रहरी, प्रशासनले संयमित हुन आग्रह गर्ने गरेको छ ।

फागु पूर्णिमाको पौराणिक एवम् धार्मिक पक्ष पनि रोचक छ । त्रेता युगमा दैत्यराज हिरण्यकश्यपुले विष्णुभक्त आफ्ना पुत्र प्रह्लादलाई मार्ने उद्देश्यले ब्रह्माबाट आगोले छुन नसक्ने वरदान पाएकी आफ्नी बहिनी होलिकालाई प्रह्लादका साथ दन्किरहेको आगोमा पस्न लगाउँदा होलिका आफैं भष्म भएकी तर भक्त प्रह्लादलाई आगोले छुन नसकेको कथा यो पर्वसँग जोडिएको छ । त्यसै बेलादेखि शक्तिको दुरूपयोग गर्ने पापी प्रवृत्तिकी प्रतीक बनेकी होलिका मारिएको उपलक्ष्यमा होली (फागु) खेल्ने परम्परा चलेको विश्वास गरिन्छ । यसैगरी द्वापरयुगमा श्रीकृष्ण भगवानलाई मार्न कंशद्वारा पठाइएकी राक्षसनी पुतनाले आफ्नो विष दलिएको स्तन चुसाउन लाग्दा असफल भई मारिइन् । निजलाई व्रजवासीले जलाई फागु महोत्सव मनाउने परम्परा चलेको पनि धर्मग्रन्थमा उल्लेख गरिएको धर्मशास्त्रविद्को भनाइ छ ।

यस किसिमको धार्मिक, पौराणिक सन्दर्भ भएको, आजको समयमा आपसमा सौहार्द्रता र स्नेह अभिवृद्धिका लागि महत्वपूर्ण मानिने फागु पूर्णिमा पर्व सभ्य तरिकाले मनाउनु आवश्यक छ । पछिल्लो समय आर्थिक मन्दी, युवा पलायनका कारण यो वर्षकै अधिकांश पर्वहरु फितलो बनेको छ । फागु पर्वका उपलक्ष्यमा परम्परादेखि सरकारले सार्वजनिक बिदा दिँदै आएको छ । तराई क्षेत्रमा भने यो पर्व पूर्णिमाको भोलिपल्ट मनाउने गरिन्छ । यस वर्ष पनि तराईमा शुक्रबार होली मनाइँदैछ । यस पर्वका उपलक्ष्यमा आजभोलि रमाइलोका निम्ति गाँजा, भाङ, जाँड-रक्सी जस्ता नशालु पदार्थको सेवन गरी गुन्डागर्दी गर्ने, शरीरमा प्रतिकूल असर गर्ने खालका रासायनिक पदार्थ प्रयोग गर्ने तथा सवारीसाधनसमेतमा लोला हिर्काउनेजस्ता जोखिम रहने अनुमान गरेर स्थानीय प्रशासनले अग्रीम सतर्कताका अपनाउन अपिल गरेको छ ।

फागु पर्व नेपाल र भारतलगायत अन्य देशमा पनि मौलिक तरिकाले मनाउने गरेको पाइन्छ । इटालीमा “बेलियाकोनोन्स”को नामले मनाइने यो पर्वमा एक आपसमा सुगन्धित जल छर्की घाँसको विशेष प्रकारको रङ्गीचङ्गी आभूषण लगाएर खेल्ने गरिन्छ । चीनमा १५ दिनसम्म “च्वेज” नामले यो पर्व मनाइन्छ । यस पर्वमा नयाँ लुगा र गहना लगाउने गरिन्छ । अमेरिकामा “होबो” नामले मनाइने यो पर्वमा मानिस विभिन्न प्रकारका हास्यात्मक भेषभूषा लगाई प्रतियोगिताको आयोजना गरी विजयीलाई पुरस्कार दिइन्छ । फरकफरक नाममा मनाइए पनि फागु खेल्ने परम्परा धेरै देशमा भएको पाइन्छ । सबैतिर आपसी सद्भाव एवम् सामाजिक एकतालाई प्रवर्द्धन गर्ने मूल उद्देश्यले यो पर्व मनाउने गरिन्छ । यस वर्षको फागु पूर्णिमाले पनि हाम्रो समाजमा आपसी सद्भाव एवम् सामाजिक एकतालाई प्रवर्द्धन गर्ने अवसर र होस् । हार्दिक शुभकामना ।

## महत्वपूर्ण फोन नम्बरहरु

| | |
|---|---|
| जिल्ला प्रशासन कार्यालय ५२०४९५ | चित्लाङ इलाका ६२१००० |
| जिल्ला प्रहरी कन्ट्रोल १०० | वारुण यन्त्र १०१ |
| ट्राफिक प्रहरी १०३ | बालबालिका खोजतलास केन्द्र १०४ |
| वडा प्रहरी ५२०२९९ | बाल हेल्पलाइन १०९८ |
| पशुपतिनगर इलाका ५२०५९८ | हेलो सरकार ११११ |
| मनहरी इलाका ९८५५०९०१६१ | नेपाल टेलिकम सोधपुछ १९७ |
| भीमफेदी इलाका ६९१४६२ | एम्बुलेन्स १०२ |
| पालुङ इलाका ६२०४६७ | नेपाल विद्युत प्राधिकरण गुनासो ११५० |
| फापरबारी इलाका ६२१९८० | |

## तपाईंको राशिफल



पं. ज्योतिषः तोयानाथ सुवेदी
ॐ तुलसी मेडिकल हल, हेटौंडा-८, कमाने
सम्पर्क : ९७४५०२८५५५


**मेष** : वैदेशिक प्रयोजनका कामहरु बन्दै जालान् ।
**वृष** : अध्ययन–अध्यापनको कामबाट लाभ ।
**मिथुन** : सामाजिक र धार्मिक काममा सरिक भइनेछ ।
**कर्कट** : अध्ययन–अध्यापनका क्षेत्रमा सफलता प्राप्त ।
**सिंह** : लेखाइ– पढाइका कामहरु सरिक भइने समय छ ।
**कन्या** : सामाजिक र धार्मिक काममा सरिक भइने समय छ ।
**तुला** : लेखाइ–पढाइका काममा सरिक भइने समय छ ।
**वृश्चिक** : वैदेशिक रोजगारी प्राप्त हुने समय योग छ ।
**धनु** : पठन–पाठनमा द्विविधा आइपर्ने समय योग छ ।
**मकर** : मनमा कौतुहल र छटपटी रहने समय योग छ ।
**कुम्भ** : व्यापार–व्यवसाय मध्यमकारक रहने समय छ ।
**मीन** : सामाजिक र धार्मिक काममा सरिक भइने छ ।

# कम लागतमा धेरै फाइदा लिन सकिने ‘क्लाउड कम्प्युटिङ’

**प्राइभेट र पब्लिक क्लाउडको मुख्य भिन्नता भनेको व्यवस्थापन हो। प्राइभेट क्लाउडको व्यवस्थापन तपाईं स्वयंले गर्नुपर्ने हुन्छ भने पब्लिक क्लाउडको सम्पूर्ण व्यवस्थापन सेवाप्रदायकले संस्था आफैँले गर्छ। साथै, तपाईंको सम्पूर्ण डाटा सेवाप्रदायक संस्थाको डाटासेन्टरमा स्टोर हुने गर्छ र सोको व्यवस्थापन तथा मर्मत-सम्भार स्वयं सेवाप्रदायक संस्थाले गर्छ।**



✍हेमन्त बराल



क्लाउड कम्प्युटिङ भन्नाले क्लाउड सेवाप्रदायक संस्थाहरूले क्लाउड प्लेटफर्म तथा इन्टरनेटमार्फत सुरक्षित तवरले भर्चुअल रुपमा प्रदान गरिने विभिन्न कम्प्युटिङ सेवा जस्तैः सर्भर (कम्प्युट- प्रोसेसर, मेमोरी), स्टोरेज, डाटाबेस, नेटवर्किङ तथा एप्लिकेसनहरुलाई बुझिन्छ । यसमा प्रयोगकर्ताले आफ्नो डेटा तथा एप्लिकेसनहरु इन्टरनेटमा स्टोर गर्न, प्रोसेस गर्न र प्राप्त गर्न सक्छन्, जसका लागि तिनीहरुलाई आफ्नै फिजिकल हार्डवेयर या अन्य इन्फ्रास्ट्रक्चर आवश्यक पर्दैन ।

यसलाई युजरले इन्टरनेट या इन्ट्रानेटमार्फत आफूलाई आवश्यकताअनुसारको स्रोत तथा साधन आफूले प्रयोग गरेबमोजिमको रकम भुक्तानी गरी सजिलै सर्वसुलभ तरिकाले प्राप्त गर्न सक्छन् ।

क्लाउड निजी तथा सार्वजनिक दुवै हुन सक्छन् । निजी वा सार्वजनिक जुनसुकै भए पनि क्लाउड कम्प्युटिङको एक मात्र उद्देश्य भनेको सहज र स्केलेबल सेवा दिनु हो । क्लाउड कम्प्युटिङमा स्टोर गरेको कुनै पनि स्रोतसाधन तथा एप्लिकेसनलाई इन्टरनेट प्रयोग गरेर जहाँबाट पनि पहुँच पाउन सकिन्छ । उक्त स्रोतसाधन तथा एप्लिकेसनहरु आफ्नो इच्छाअनुसार आफूलाई चाहेको बेलामा प्रयोग गर्न सकिन्छ । त्यसकारण पछिल्लो समय क्लाउड कम्प्युटिङको प्रयोग बढ्दै गएको छ ।

### क्लाउड कम्प्युटिङका प्रमुख विशेषता तथा फाइदा

क्लाउड कम्प्युटिङमा थोरै खर्च गरेर धेरै फाइदा लिन सकिन्छ । क्लाउड कम्प्युटिङ सस्तो पनि हुन्छ । क्लाउड कम्प्युटिङको प्रयोग गर्न विशेष हार्डवेयर, सफ्टवेयर केही आवश्यक पर्दैन । यसलाई आफूसँग भएको कुनै पनि डिभाइसबाट सजिलै चलाउन सकिन्छ ।

कस्ट-इफेक्टिभ (कम लगानी)– हार्डवेयर खरिद गर्नु नपर्ने भएकाले खर्च कम हुन्छ । एकमुस्ट लगानी गर्नु नपर्ने ।

आवश्यकताअनुसार स्रोतको प्रयोग आन-डिमान्ड सेवा– प्रयोगकर्ताले आवश्यकताअनुसार स्रोत प्रयोग गर्न सक्छन् ।

प्रयोगअनुसारको मासिक, त्रैमासिक, अर्धवार्षिक या वार्षिक रुपमा रकम भुक्तानी ।

स्केलेबिलिटी-लचिलो – आवश्यकतानुसार स्रोत घटाउन वा बढाउन सकिन्छ ।

रिमोट एक्सेस– इन्टरनेटको माध्यमबाट जुनसुकै ठाउँबाट सेवा प्रयोग गर्न सकिन्छ ।

सुरक्षित-आफ्नै नियन्त्रण तथा डाटा नोक्सानी हुनबाट सुरक्षित, ब्याकअपको राम्रो प्रबन्ध ।

स्वचालित अपडेट– सफ्टवेयर तथा सुरक्षा अपडेटहरू स्वतः प्राप्त हुन्छन् ।

### क्लाउड कम्प्युटिङका प्रकार

१. प्राइभेट क्लाउड– एकल संस्था वा कम्पनीका लागि मात्र उपलब्ध क्लाउड सेवा ।

प्राइभेट क्लाउडलाई आन्तरिक वा इन्टरप्राइज क्लाउड पनि भनिन्छ, जसमा क्लाउड सेवाप्रदायक संस्थामार्फत तपाईंलाई चाहिने सम्पूर्ण स्रोत सुरक्षित तवरले सुरक्षित नेटवर्क (इन्ट्रानेट तथा इन्टरनेट भिपिएन) मार्फत प्राप्त गर्न सकिन्छ । यसमा तपाईंले आफूलाई चाहिने एप्लिकेसनहरु सहजै इन्स्टल गरी प्रयोग गर्न सक्नुहुनेछ । सबै डाटा फायरवालपछाडि सुरक्षित रहन्छ । यसको सम्पूर्ण कन्ट्रोल तपाईंमा निहित रहन्छ र पब्लिकले सहज एक्सेस पाउँदैनन् । क्लाउड सेवाप्रदायक संस्थाले तपाईंलाई केवल तपाईंको आवश्यकताअनुसारको स्रोत सुरक्षित रूपमा उपलब्ध गराउँछन् ।

२. पब्लिक क्लाउड– साझा क्लाउड सेवा, जसलाई धेरै व्यक्तिले प्रयोग गर्न सक्छन् ।

पब्लिक क्लाउड इन्टरनेटमार्फत उपलब्ध हुन्छ र यो पब्लिक आइपीमार्फत प्राप्त हुने हुँदा यसमा पब्लिकको पहुँच रहन्छ । प्राइभेट र पब्लिक क्लाउडको मुख्य भिन्नता भनेको व्यवस्थापन हो । प्राइभेट क्लाउडको व्यवस्थापन तपाईं स्वयंले गर्नुपर्ने हुन्छ भने पब्लिक क्लाउडको सम्पूर्ण व्यवस्थापन सेवाप्रदायकले संस्था आफैँले गर्छ । साथै, तपाईंको सम्पूर्ण डाटा सेवाप्रदायक संस्थाको डाटासेन्टरमा स्टोर हुने गर्छ र सोको व्यवस्थापन तथा मर्मत-सम्भार स्वयं सेवाप्रदायक संस्थाले गर्छ । ठूला-ठूला कम्पनीले प्राइभेट क्लाउड रोज्न सक्छन् भने सानो व्यवसायकर्ताले पब्लिक क्लाउड रोज्न सक्छन् । जस्तैः गुगल क्लाउड, एमेजन वेभ सर्भिस, माइक्रोसफ्ट अज्युर, अलिबाबा, अरेकल, आइबिएम, हुवावे आदि ।

३. हाइब्रिड क्लाउड– पब्लिक र प्राइभेट क्लाउडको मिश्रण ।

यसमा संस्था वा प्रयोगकर्ताले केही सेवा तथा डेटा आफ्नो प्राइभेट क्लाउडमा राख्छन् भने केही सेवा तथा डेटा पब्लिक क्लाउडमा राख्न सक्छन् । यस प्रकारको क्लाउडले प्रयोगकर्तालाई दुवै क्लाउडको फाइदा लिन अनुमति दिन्छ । प्राइभेट क्लाउडको सुरक्षा र पब्लिक क्लाउडको स्केलेबिलिटी तथा लो-कस्ट इन्फ्रास्ट्रक्चर यसका प्रमुख विशेषता हुन ।

### क्लाउड कम्प्युटिङ सेवाका प्रकार

क्लाउड कम्प्युटिङ सेवाका विशेष गरी तीन प्रकार हुन्छन् । कुनै पनि कम्पनीले आफ्नो आवश्यकताअनुसार सेवा उपयोग गर्न सक्छ । क्लाउड कम्प्युटिङ सेवाका प्रकार निम्नानुसार रहेका छन्:

१. इन्फ्रास्ट्रक्चर एज अ सर्भिस

यसअन्तर्गत कोलोकेसन (अनवरत पावर र कुलिङ भएको सुरक्षित स्थान तर स्रोत आफ्नै), बेयर मेटल सर्भर (सर्भर पनि सेवाप्रदायक संस्थाले भाडामा उपलब्ध गराउने), म्यानेज्ड प्राइभेट क्लाउड, पब्लिक क्लाउड (भर्चुअल प्राइभेट सर्भर – प्रोसेसर, मेमोरी, स्टोरेज), नेटवर्किङ, सेक्युरिटी, स्टोरेज आदि पर्छन् ।

२. प्लेटफर्म एज अ सर्भिस

यसअन्तर्गत एप्लिकेसन डेभलपर्सलाई आवश्यक पर्ने एप्लिकेसन विकास तथा होस्टिङका लागि आवश्यक पर्ने प्लेटफर्म जस्तै पाइथन, रनटाइम इन्भाइरोमेन्ट (जस्तै– जाभा रनटाइम), डिजाइनिङलाई आवश्यक पर्ने विभिन्न युटिलिटी, डाटाबेस (एसक्युल, अरेकल), वेभ सर्भर (टमक्याट), केही अपरेटिङ सिस्टम आदि ।

३. सफ्टवेयर एज अ सर्भिस

यसअन्तर्गत रेडिमेड-तयार एप्लिकेसनहरु जस्तै इआरपी, सिएमएस, शिक्षा-स्वास्थ्य-अकाउन्टिङ आदिका एप्लिकेसन, माइक्रोसफ्ट-३६०, गुगल ड्राइभ, जिमेल, ड्रपबक्स, भिडियो कन्फेरेन्सिङ, सोसल नेटवर्किङ आदि पर्छन् ।

यसका अतिरिक्त सेक्युरिटी एज अ सर्भिस, फायरवाल एज अ सर्भिस, वेब एन्ड इमेल होस्टिङ आदि सेवाहरु पनि क्लाउडमार्फत सजिलै प्राप्त गर्न सकिन्छ ।

### क्लाउड डाटा सेन्टरको आवश्यकता किन ?

क्लाउड डाटा सेन्टरमार्फत आफ्नो आवश्यकताअनुसारको रिसोर्सेसहरु सजिलैसँग रेन्टल (भाडा) का आधारमा प्राप्त गर्न सकिन्छ । यसबाट स्रोतमा हुने प्रारम्भिक लगानीको बचत हुनुका साथै आफूलाई आवश्यक पर्ने स्रोतलाई सजिलै बढाउन सकिन्छ । यसबाट ठूलो धनराशिको बचत हुनुका साथै प्राविधिक जनशक्ति तथा डाटा सेन्टरका भौतिक उपकरणहरुको आवश्यकता पर्दैन । सजिलैसँग बुझ्नका लागि यदि अन प्रिमेसेस डाटासेन्टर बनाउनका लागि छुट्ट्याइएको बजेट स्वयं आफूले लगानी गरी सोबाट प्राप्त हुने ब्याज मात्रै पनि भुक्तानी गरी क्लाउड डाटा सेन्टरबाट सजिलैसँग सेवा तथा सुविधाहरू प्राप्त गर्न सकिन्छ ।

### क्लाउड कम्प्युटिङलाई बुझ्ने सजिलो तरिका

क्लाउडलाई सजिलो भाषामा बुझ्नका लागि एउटा उदाहरण हेरौँ । मानौँ कि तपाईंलाई नयाँ अफिस सेटअप गर्नुपर्नेछ । सुरुमै कत्रो अफिस बनाउने, कति स्टाफ राख्ने, केके फर्निचर राख्ने भन्ने कुराको अन्योल हुन सक्छ । त्यसका लागि कुनै अपार्टमेन्टमा गएर आफूलाई चाहिने स्पेस भाडामा लिन सकिन्छ र आवश्यकताअनुसार त्यसलाई बढाउँदै लैजान सकिन्छ ।

क्लाउडलाई एउटा अपार्टमेन्ट या फ्ल्याटको रूपमा बुझौँ, जहाँ सुरक्षित नेटवर्कको साथमा धेरै कोर भएको प्रोसेसर, धेरै मेमोरी अनि धेरै स्टोरेज भएको सर्भर, अनि एप्लिकेसन बनाउन चाहिने प्लेटफर्म, रनटाइम इन्भाइरोमेन्ट, विभिन्न सफ्टवेयरहरू रहेका हुन्छन्, जसलाई आवश्यकताअनुसार भाडामा प्रयोग गर्न सकिन्छ ।

प्रोसेसरको मुख्य कार्य भनेको दिइएको निर्देशनअनुसार छिटो तरिकाले डाटा तथा अन्य आन्तरिक प्रोसेसिङ गर्नु हो । मेमोरीको काम भनेको एकसाथ एकभन्दा बढी एप्लिकेसन खोलेर कार्य गर्नका निमित्त सहजता गर्नु हो भने स्टोरेजको काम वर्तमान या भविष्यका लागि डाटा स्टोर गर्नु हो ।

यसलाई एउटा पसलको रूपमा पनि तुलना गर्न सकिन्छ । तपाईं यदि एउटा मात्र कोठा अनि एक जना मात्र पसले भएको पसलमा जानुभयो अनि तपाईंसँगै अरू ग्राहक पनि गए भने सेवा पाउनका लागि ग्राहकले प्रतीक्षा गर्नुपर्ने हुन्छ ।

एक जना मात्र पसले भएका कारण प्रोसेसिङ ढिला हुन्छ । साथै, एउटा मात्र कोठा भएका कारण तपाईंले सामान हेरेर रोजेर किन्न कठिनाइ हुन्छ, भनेजति सामान उपलब्ध नहुन पनि सक्छ । तर, तपाईं त्यही कामका लागि डिपार्टमेन्टल स्टोर जानुभयो भने त्यहाँ तपाईंले सुरक्षाकर्मीका साथै धेरै जना स्टाफको सेवा लिन सक्नुहुन्छ र तपाईंको सपिङ चाँडो हुन्छ, साथै तपाईंले छानी-छानी, रोजी-रोजी भनेजति सामान किन्न सक्नुहुन्छ । यसमा सेवा दिने पसले वा स्टाफहरूलाई प्रोसेसर अनि डिस्प्ले गर्नका लागि राखिएको स्थानलाई मेमोरी अनि स्टोर-गोदामलाई स्टोरेज अनि सुरक्षाकर्मीलाई सेक्युरिटीका रुपमा बुझ्न सकिन्छ ।

### कति छन् नेपालमा डाटा सेन्टर ?

सरकारी स्तरबाट सञ्चालन गरेको सिंहदरबारभित्रको जिआइडिसी (गभर्मेन्ट इन्टिग्रेटेड डाटा सेन्टर) सरकारको एक मात्र डाटा सेन्टर हो । यसको डिजास्टर डाटा सेन्टर हेटौँडामा छ । प्राइभेट रूपमा सञ्चालनमा रहेको भैरहवाको ओम डाटा सेन्टर नेपालको निजी स्तरको पहिलो डाटा सेन्टर हो । अन्य डाटा सेन्टरहरुमा दरबारमार्गको सिल्भर लाइनिङ डाटा सेन्टर, थापाथलीको डाटा हब, कुमारीपाटीको एक्सेस वर्ल्ड, थापाथलीको क्लाउड हिमालय, चन्द्रागिरीको हालसालै निर्मित ३.५ मेगावाट तथा ५२० र्‍याक भएको डाटा वर्ल्ड, पुतलीसडकको डाटास्पेस, बालुवाटारको सुबिसु आदि रहेका छन् ।

*(लेखक, सर्टिफाइड डाटा सेन्टर प्रोफेसनल तथा डाटा सेन्टर कन्सल्टेन्ट हुन् । स्रोतः कारोबारदैनिक)*

# शिक्षा विकास तथा समन्वय इकाइ, मकवानपुर

## एसइइ परीक्षा २०८१ को लागि कायम गरिएका परीक्षा केन्द्रहरू

| सि.नं | परीक्षा केन्द्रको नाम | केन्द्रमा समावेश हुने विद्यालयहरु |
|---|---|---|
| १ | जनता मावि, बागमती | बागमती मावि, राईगाउँ<br>सूर्य मावि, राईगाउँ<br>बाघभैरव मावि, बेतिनी<br>देवकी मावि, फापरबारी |
| २ | बुद्ध मावि बकैया | जनता मावि, फापरबारी<br>महेन्द्र मावि, छतिवन<br>कालिदेवी मावि, शिखरपुर<br>प्रशिद्ध मावि, मन्थली<br>वाघ भैरव मावि, बकैया<br>जनजागृती मावि, बकैया<br>कान्ति मावि, ठिङ्गन |
| ३ | महेन्द्र मावि, बकैया | बुद्ध मावि, हात्तिसुडे<br>जनक मावि, भिरकोट<br>कर्मप्राप्ती मावि, कर्मचुली<br>प्रभात मावि, छतिवन<br>कालिका मावि, धियाल<br>सरस्वती मावि बकैया |
| ४ | जनप्रिय मावि, | ज्योति मावि, हर्नामाडी<br>बालबोध मावि, हटिया<br>राजदेवी मावि<br>त्रिभुवन मावि, हटिया (स्थानीय तहबाट जनप्रिय मा वि मा गाभिएको प. नि. का. मा फाइल पठाइएको)<br>गोरक्षनाथ मावि, हर्नामाडी<br>रानिसेरा मावि, मकवानपुरगढि<br>मकवानपुर बाल विद्या सदन<br>चुरियामाई मावि, शिखरपानी |
| ५ | महेन्द्र मावि, भिमफेदी | कृष्ण मावि, भैंसे<br>श्री मावि, कोगटे<br>महलक्ष्मी मावि, सुपिङ<br>पञ्चकन्या मावि, इपा<br>वाराही मावि, निबुवाटार |
| ६ | जनकल्याण मावि, थाहा | इन्द्रायणी मावि. आग्रा<br>लेकाली बसीफाँट मावि, नामटार<br>झम्केश्वरी मावि, पालुङ<br>सरस्वती मावि, आग्रा<br>पालुङ इङलिस आवसीय मावि, पालुङ<br>पालुङ भ्याली हर्ट एकेडेमी<br>पालुङ मोर्डन इङलिस मिडिम स्कुल<br>मत्स्यनारायण मावि, पालुङ |
| ७ | मत्स्यनारायण मावि | जनकल्याण मावि, पालुङ<br>सुन्दरीदेवी मावि, आग्रा<br>हिमालयन बो स्कुल, पालुङ |
| ८ | सरस्वती वालबोधिनी मावि, इन्द्रसरोवर | महाचुनी मावि, फाखेल<br>पञ्चकन्या मावि, कुलेखानी<br>बज्रबाराही मावि, टिष्टुङ<br>कालिदेवी मावि, फाखेल<br>बत्सलादेवी मावि, सिस्नेरी |
| ९ | राष्ट्रिय रोटरी मावि, मनहरी | महेन्द्रकिरण मावि, ज्यामिरे<br>प्रजा जागृति मावि, राक्सिराङ्ग<br>राष्ट्रिय मावि, बिजौना<br>राष्ट्रिय मावि, सुनाचुरी |
| १० | महेन्द्रकिरण मावि, मनहरी | राष्ट्रिय रोटरी मावि, मनहरी<br>युनिर्भसल एकेडेमी, मनहरी<br>युनाईटेड ई. बो., मनहरी गापा<br>मेरिगोल्ड टाइनिटस बोर्डिङ, मनहरी |
| ११ | महेन्द्रकिरण मावि, बसामाडी | त्रिभुवन मावि, हेटौंडा-११<br>निर्मल मावि, वस्तिपुर<br>बालउज्जवल मावि, लेवट |
| १२ | निर्मल मावि, बस्तिपुर | बालजीवनज्योति मावि, हाँडीखोला<br>महेन्द्रज्योति मावि, हाँडीखोला<br>पशुपतीनाथ मावि, हाँडीखोला<br>अरनिको मावि, नेवारपानी<br>सीता मावि, हाँडीखोला<br>भोजसिद्ध मावि, हाडीखोला<br>एपिकल एकेडेमी |
| १३ | वंशगोपाल मावि, चौघडा | जनप्रिय मावि, चिसापानी<br>रेडरोज इ. बोर्डिङ, हटिया<br>सुनगाभा शिक्षा निकेतन मावि, चौघडा |
| १४ | आधुनिक राष्ट्रिय मावि | महेन्द्रकिरण मावि, बसामाडी<br>हेटौंडा एकेडेमी, नवलपुर<br>कृष्णआदर्श मावि, लामसुरे<br>सोलिड्यारिटी इन्टरनेशनल मावि<br>शिक्षा विकास शिशु सदन, बसामाडी<br>चन्द्रोदय मावि, कमाने<br>ज्ञानदा मावि, हेटौंडा-१०<br>बालजागृति ई. बोर्डिङ स्कुल, हेटौंडा-२ |
| १५ | बालज्योति मावि, हेटौंडा-५ | आधुनिक मावि हेटौंडा-४ |
| | | उज्जवल शिशु सदन मावि<br>मनकामना मावि मकवानपुरगढी |
| १६ | ज्ञानदा मावि, हेटौंडा | जेनिथ इन्टरनेशनल सेकेन्डरी स्कुल, पिप्ले<br>सिद्धार्थ शिशुसदन मा.वि, सानोपोखरा<br>ज्ञानदीप शिक्षा निकेतन मावि, हेटौंडा-५ |
| १७ | भुटनदेवी मावि, हेटौंडा | नवोदय शिशु सदन मावि<br>सनराइज इ.बो.स्कुल<br>रिलायन्स स्कुल, हेटौंडा-५<br>ज्ञानोदय बालवाटिका मावि, संगमचोक<br>बालज्योति मावि, पिप्ले<br>ब्रम्हदिक एकेडेमी, हेटौंडा-४<br>कालिका मावि, नामटार |
| १८ | सिद्धार्थ मावि, हेटौंडा-२ | प्रगति मावि, पशुपतिनगर<br>राष्ट्रिय मावि, सानुटार<br>अमर मावि, हेटौंडा-१<br>श्रमिक मावि, कर्रा<br>महेन्द्र मावि, भिमफेदी<br>तुलसीमेहर मावि, हेटौंडा-१०<br>जेम्स ई.बो., नवलपुर |
| १९ | जिएस निकेतन मावि, हेटौंडा-५ | सिद्धार्थ मावि, हेटौंडा-२<br>सिद्धार्थ खुल्ला विद्यालय, हेटौंडा-२<br>रस्सल ऐकेडेमी, हेटौंडा-९ |
| २० | सोलिड्यारिटी ई. एकेडेमी, हेटौंडा-१० | सत्यम जेभियर्स मावि, हेटौंडा-४<br>हेटौंडा मोर्डन मावि, हेटौंडा-९<br>फेमकोल एकेडेमी, पदमपोखरी<br>सनसाइन इ.बो स्कुल, बसामाडी<br>भानु मावि, मकवानपुरगढीमा<br>जाल्पादेवी मावि, आमभन्ज्याङ |
| २१ | प्रगति मावि, हेटौंडा-९ | बूद्ध मावि, हेटौंडा-१३<br>जनज्योति मावि, मयुरधाप<br>जनजागृति मावि, रातोमाटे<br>भृकुटी मावि, चुरियामाई<br>महेन्द्र मावि, पदमपोखरी |
| २२ | बज्रबाराही मावि, थाहा | बागेश्वरी मावि, टिष्टुङ<br>सुनौला मावि, कुन्छाल<br>सरस्वती वालबोधनी मावि, मार्खु<br>स्वच्छन्द भैरव मावि, चित्लाङ<br>नाटेश्वर मावि, टौखेल<br>इअन ई बो, बज्रबाराही<br>सरस्वती विद्या मन्दिर |
| २३ | अमर मावि, हेटौंडा | भुटनदेवी मावि, हेटौंडा<br>ज्ञानोदय बालबाटिका आवासीय मावि, पिप्ले |
| २४ | जालपादेवी मावि, मकवानपुरगढी | जनक मावि, आमभन्ज्याङ<br>रुपनारायण मावि, बुढीचौर<br>शारदा मावि, आमभन्ज्याङ<br>चण्डीका मावि, शिखरकटेरी<br>जनता मावि, सुकौरा |
| २५ | चन्द्रोदय मावि, कमाने | तासिर इ. बो स्कुल<br>बालजागृति युवाबर्ष मावि, चित्रेपानी<br>वंशगोपाल मावि, चौघडा<br>कमाने एकेडेमी, कमाने<br>माउन्ट एभरेष्ट इ.वो.<br>प्रजा जागृति मावि, राक्सिराङ<br>कालिका मावि, खैराङ<br>कालिका मावि, राक्सिराङ-२<br>राष्ट्रिय मावि, राक्सिराङ<br>सूर्योदय मावि, सरिखेत<br>मावि राक्सिराङ, देविटार |
| २७ | कालिका मा. वि., कैलाश | भवानी मावि,<br>धुवाङ मावि, कैलाश<br>कमलादेवी मावि, कैलाश<br>व्यास मा वि, कैलाश |
| २८ | श्रमिक मावि, हेटौंडा-४ | थप नयाँ केन्द्र (प्राविधिक धारलाई छुट्टै केन्द्र कायम र सम्वत् २०७८ र २०७९ को ग्रेडवृद्धि)<br>भुटनदेवी मावि, हेटौंडा-४ प्राविधिक धार<br>जनकल्याण मावि, पालुङ बजार ।<br>जनप्रिय मावि, चिसापानी<br>बत्सलादेवी मावि, सिस्नेरी<br>महेन्द्र मावि, बकैया<br>सूर्योदय मावि, सरिखेत प्राविधिक धार<br>सुन्दरीदेवी मावि, थाहा<br>देवकी मावि बागमती गापा., फापरबारी<br>कालिका मावि, फाखेल चौर<br>बंशगोपाल मावि, मकवानपुरगढी गापा |

२०७८ र २०७९ सालमा नियमित तर्फबाट परीक्षा दिई २०८१ सालमा ग्रेडवृद्धि परीक्षा दिने सबै विद्यालयका परीक्षार्थीहरु ।

# अंग्रेजी माध्यमलाई प्रभावकारी बनाइने

समाज संवाददाता

हेटौंडा : मकवानपुरगढी गाउँपालिका-५ मा रहेको शारदा माध्यमिक विद्यालयको अंग्रेजी माध्यमलाई अझ प्रभावकारी बनाउन सहयोग गर्ने नम्बर वडा अध्यक्ष दिपेश दाहालले बताउनुभएको छ । बुधबार कक्षा १ देखि ६ सम्मका अंग्रेजी माध्यममा पढाइ हुने बालबालिकाका लागि कार्यक्रमको आयोजना गरिएको किताब सम्बन्धी ज्ञान बाँड्ने कार्यक्रम सम्पन्न भएको छ ।

कार्यक्रममा बालबालिकाले वर्षभरि सिकेका विषयगत र व्यवहारिक क्षमता प्रस्तुत गरेका थिए । यसै गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत सुदन लामिछानेले गाउँपालिकाले गर्नुपर्ने आवश्यक सहयोगमा कमी नहुने बताउनुभएको छ । विद्यालयले नवीनतम कार्यक्रम र व्यवहारिक सीप प्रवर्धन लगायत नेपाली/अंग्रेजी दुवै माध्यमका बालबालिकाहरूको विषयगत सीपसँगै व्यवहारिक सीप प्रवर्द्धन गरी सर्वाङ्गीण विकासमा सेवा पुग्ने गरी अघि बढ्ने योजना रहेको विद्यालयका प्रधानाध्यापक इन्द्रबहादुर कार्कीको भनाइ छ ।

विद्यालय व्यवस्थापन समितिका अध्यक्ष युवराज सापकोटाको अध्यक्षतामा भएको कार्यक्रममा राष्ट्रिय परीक्षा बोर्डका प्रमुख कृष्णप्रसाद घिमिरेको प्रमुख आतिथ्य रहेको थियो । कार्यक्रममा अंग्रेजी माध्यममा पठनपाठन गर्ने विद्यार्थी र अभिभावकको उपस्थिति रहेको थियो ।

# बसको ठक्करबाट पैदलयात्रीको मृत्यु

समाज संवाददाता

हेटौंडा : चितवन जिल्लाको भरतपुर महानगरपालिका-१, पोखरा बसपार्कमा बसको ठक्करबाट पैदलयात्रीको मृत्यु भएको छ । मंगलबार राती ९ बजेर ५५ मिनेटको समयमा तनहुँबाट दाङ जाँदै गरेको ग १ ख ९९७७ नम्बरको बसले बाटो क्रस गर्ने क्रममा ठक्कर दिँदा एक जना पुरुषको मृत्यु भएको बागमती प्रदेश प्रहरी कार्यालय हेटौंडाले जानकारी दिएको छ ।

बसको ठक्करबाट ३० वर्षीय पुरुष गम्भिर घाइते भएका थिए । घाइते पुरुषलाई उपचारका लागि चितवन स्थित भरतपुर अस्पताल लगिएकोमा राती १० बजेर २५ मिनेटको समयमा डाक्टरले मृत घोषणा गरेको प्रहरीले जानकारी दिएको छ । बस चालक तनहुँ जिल्लाको भानु नगरपालिका-२ का ४७ वर्षीय पुन्ट बहादुर सारुलाई प्रहरीले नियन्त्रणमा लिएको छ ।

हार्दिक श्रद्धाञ्जली

जन्म
१९९४/०९/२६



स्वर्गारोहण
२०८१/११/१९

स्व. टीकामाया न्यौपाने

नारायणी बहुउद्धेश्यीय सहकारी संघका निवर्तमान अध्यक्ष, जिल्ला बहुउद्धेश्यीय सहकारी संघ मकवानपुरका अध्यक्ष, बागमती प्रदेश सहकारी संघका सञ्चालक आदरणीय रामहरि न्यौपाने र मकवानपुर उद्योग वाणिज्य संघका पूर्वअध्यक्ष, नेपाल उद्योग वाणिज्य महासंघका पूर्वकेन्द्रीय सदस्य राजकुमार न्यौपानेका ममतामयी आमा **टीकामाया न्यौपाने**को निधनको खबरले हामी मर्माहत भएका छौं । यस दुखद् घडीमा दिवंगत आत्माको चिर शान्तिको कामना गर्दै शोकसन्तप्त परिवारजनमा हार्दिक समवेदना ब्यक्त गर्दछौं ।

जंगबहादुर गुरुङ, अध्यक्ष
एवम् नारायणी बहुउद्धेश्यीय सहकारी संस्था लि. परिवार
हेटौंडा, मकवानपुर

हेटौंडा रिफरेन्स ल्यावरोटरी

ELISA, CLIA तथा फुल्लि अटोमेटेड मेसिनद्वारा रगतको स्पेसल जाँचहरु गरिन्छ ।



Papcytology
-थाईराईड
-क्यान्सर
-रक्तअल्पता
-वाथरोग
-बाँझोपन
-भाइरस सम्बन्धी सम्पूर्ण परीक्षण गरिन्छ ।

साथै रगत, दिसा, पिसाब, पिप कल्चर समेत गरिन्छ ।

(HRL)

खुल्ने समय: विहान ७:00 बजेदेखि बेलुका ७:00 बजेसम्म

सञ्चालनको छोटो अवधिमै हाम्रो सेवालाई विश्वास गर्दै सेवा गर्ने अवसर दिनुहुने सम्पूर्ण सेवाग्राहीप्रति आभारसहित अब प्रत्येक महिनाको दोस्रो शनिबार सुगर जाँच निशूल्क र चौथो शनिबार थाइराइड जाँचमा ५० प्रतिशत छुट हुने सहर्ष जानकारी गराउँदछौं ।

थप जानकारीको लागि HRL

हेटौंडा रिफरेन्स ल्यावरोटरी

हेटौंडा-१, भिन्तुनापथ सम्पर्क फोन नं.: ०५७-५२०४५७

# मकवानपुरको महिला फुटबलको प्रमुख प्रशिक्षकमा भीम लामा

समाज संवाददाता

हेटौँडा : मकवानपुर जिल्ला महिला फुटबलको प्रमुख प्रशिक्षकमा भीम लामा नियुक्त हुनुभएको छ । अखिल नेपाल फुटवल संघ (एन्फा) का केन्द्रीय सदस्य तथा मकवानपुर जिल्ला फुटवल संघका अध्यक्ष टिकाराम लामाले फुटबल प्रशिक्षक भीम लामालाई महिला खेलाडीको प्रमुख प्रशिक्षकको रुपमा नियुक्त गर्नुभएको हो । महिला खेलाडीको सीप र क्षमतालाई उजागर गर्दै प्रष्फुटन गर्ने उद्देश्यले प्रमुख प्रशिक्षकको रुपमा नियुक्त गरिएको एन्फाका केन्द्रीय अध्यक्ष तथा जिल्ला फुटबल संघका अध्यक्ष टिकाराम लामाले जानकारी दिनुभएको छ ।

हेटौंडा फुटबल एकेडेमीका संस्थापक अध्यक्ष तथा प्रशिक्षक समेत रहनुभएका लामाले १० वर्षदेखि एकेडेमी सञ्चालन गर्दै आउनुभएको छ । प्रशिक्षक लामाले एएफसी बि लाइसेन्स प्राप्त गर्नुभएको छ । मकवानपुरे फुटबल प्रशिक्षक भीम लामालाई अध्यक्ष लामा र महासचिव छवी सुवेदीको संयुक्त हस्ताक्षरसहितको नियुक्तिपत्र प्रदान गरिएको छ । हेटौंडा फुटबल एकेडेमीलाई सञ्चालन गर्दै महिला तथा पुरुष खेलाडी उत्पादन गर्ने कार्यलाई प्राथमिकता दिएको कार्यको मूल्याङ्कन गर्दै जिल्लाको मुख्य प्रशिक्षकमा लामालाई नियुक्त गरिएको हो । बाहिरी जिल्लामा हुने प्रतियोगितामा महिलाको टिम सहभागी हुने समयमा सम्पूर्ण खेलाडीहरुलाई प्रशिक्षण दिने जिम्मेवारी प्रशिक्षक लामाले पाउनु भएको छ। भोलि शुक्रबार चितवन जिल्लाको भरतपुर महानगरपालिकामा हुने राष्ट्रिय महिला गोल्डकप फुटबल प्रतियोगितामा मकवानपुरको टिमलाई सहभागी गराउने तयारीमा रहेको प्रशिक्षक



लामाले बताउनुभयो। महिला खेलाडीलाई भरतपुर गोल्डकप फुटबल प्रतियोगितामा सहभागी गराउने क्रममा प्रशिक्षण लामाकै नेतृत्वमा प्रशिक्षण दिइने उहाँले बताउनुभयो ।

मकवानपुर जिल्लामा पुरुषको तुलनामा महिला खेलाडीको संख्या निकै कम रहेको प्रशिक्षक लामा बताउनुहुन्छ। खेलाडीलाई प्रोत्साहन गर्ने काममा आफू सक्रिय रहने प्रशिक्षक लामाले बताउनुभयो। पुरुषलाई प्रोत्साहन गरेको जस्तै सबैले महिला खेलाडीलाई पनि प्रोत्साहन गर्नुपर्ने उहाँले बताउनुभयो । समाजका मानिसहरुले खेल क्षेत्रलाई राम्रो दृष्टिकोणले नहेर्ने भन्दै महिला खेलाडीको हौसला बढाउनुको सट्टा महिलाको मजाक उडाउने गरेको उहाँले बताउनुभयो। अभिभावक एवम् विद्यालय, कलेजले खेलाडीहसँग सकारात्मक व्यवहार गर्नुपर्ने र महिला खेलाडीका लागि लगानी गर्नुपर्ने उहाँको भनाई छ। प्रशिक्षक लामाले खेलाडीहरुलाई लामो समयदेखि फुटबल प्रशिक्षण दिँदै आएकोले प्रमुख प्रशिक्षकको जिम्मेवारी पाएको खुशी व्यक्त गर्नुभएको छ । फुटबल एकेडेमीको माध्यमबाट पुरुषको सिनियर तथा जुनियर खेलाडी उत्पादन गर्नका लागि विभिन्न प्रतियोगितामा सहभागी गराउँदै आएको कारणले आफूले प्रमुख प्रशिक्षकको जिम्मेवारी पाएको अनुभूति भएको उहाँले बताउनुभएको छ ।

करिब १० वर्षदेखि फुटबल खेलमा सक्रिय भूमिका निर्वाह गरेर प्रशिक्षण दिँदै आउनुभएका प्रशिक्षक लामाले थुप्रै राष्ट्रियस्तरका खेलाडी उत्पादन गर्न सफल हुनुभएको छ । मकवानपुर जिल्लाको पालिकाहरुका खेलाडीहरुलाई प्रशिक्षण दिँदै आउनुभएका लामाले खेलाडीहरुको आकर्षण बढाउनका लागि आफ्नै खर्चमा जिल्लाले आयोजना गरेको र बाहिरी जिल्लाले आयोजना गरेको प्रतियोगितामा सहभागी गराउने गरेको बताउनुहुन्छ । खेलाडीहरुको मनलाई बुझेर र उनीहरुको रुचि, क्षमतालाई मूल्याङ्कन गरेर प्रशिक्षण दिन सकेमा खेलाडीहरु राष्ट्रिस्तरको प्रतियोगितामा समावेश हुनसक्ने उहाँले दावी गर्नुभयो ।

हेटौंडा-४ स्थित हुप्रचौरमा हुने फुटबल प्रशिक्षणमा दैनिक ७० जनाको हाराहारीमा खेलाडीहरु आउने गरेको उहाँले बताउनुभयो । मकवानपुर जिल्लामा महिला खेलाडीहरुलाई पनि विशेष प्राथमिकता दिने उद्देश्यले महिलालाई पनि प्रशिक्षण दिने गरेको उहाँले बताउनुभयो। महिला खेलाडीहरुलाई फुटबलप्रति रुचि बढाउनका लागि विभिन्न प्रतियोगितामा सहभागी गराउने, खेलकुद सामग्रीको व्यवस्था गर्नुपर्ने, प्रदेश, स्थानीय र संघीय सरकारले बजेट विनियोजन गर्नुपर्ने उहाँको भनाइ छ। फुटबल खेल्न इच्छुक महिला खेलाडीहरुलाई पनि प्रशिक्षक लामाले प्रशिक्षण दिने गरेको बताउनुभयो ।

# आज फागु पूर्णिमा मनाइँदै

समाज संवाददाता

हेटौंडा : रंगहरुको पर्व अर्थात् फागु पूर्णिमा आज पहाडी जिल्लाहरूमा मनाइँदै छ । तराईका जिल्लाहरूमा भने भोलि शुक्रबार होली पर्व मनाइन्छ । आज होलीका दिन सरकारले पहाडि जिल्लामा सार्वजनिक बिदा दिएको छ। फागुन शुक्ल अष्टमीका दिन काठमाडौंको चीर ठड्याइपछि देशभर यो पर्व सुरु भएको मानिन्छ। सबैलाई एउटै रंगमा रंग्याउने होली पर्व समानता र सद्भावको प्रेरणा स्रोत रहिआएको छ। हिन्दू, मुस्लिम, सिख, इसाई, मंगोल, किराँत, राई आदिमा एकताको सन्देश दिँदै यस पर्वले सबैको मनमा उमंग एवम् उत्साहको सञ्चार गर्दै आएको छ । असत्यमाथि सत्यको, छलमाथि निष्छलताको र अधर्ममाथि धर्मको विजयको प्रतीकको रुपमा होली पर्व मनाउने गरिन्छ ।

हिरण्यकश्यपुकी बहिनी होलिकाले बिष्णुका परम् भक्त हिरण्यकश्यपुका छोरा (प्रह्लाद)लाई मार्न अग्निमा आसन गर्दा होलिका आफैं जलेर नष्ट भएको र असत्यमाथि सत्यको जित भएको दिनको सम्झनामा होली पर्व मनाउने गरिन्छ । होली पर्वको दिन नेपाल पत्रकार महासंघ मकवानपुरले पनि कार्यक्रम आयोजना गरेको छ । यस्तै बागमती प्रदेशको राजधानी हेटौंडाको स्कुलरोड, भूटनदेवी स्कुलको चौर लगायत क्षेत्रमा कार्यक्रम हुँदैछ । होलीमा पानी छ्याप्ने, अबिर, केशरी लगायत रङ लगाउने चलन छ । वर्तमान समयमा होलीले विभिन्न खालका विकृति, विसङ्गतिहरू निम्त्याएको छ ।

होलीमा युवाहरु इच्छा विपरित रंग दलिदिने, अण्डा फोड्ने, गाडीको मोबिल दल्ने, हिलो लगाइ दिने, युवाहरु रक्सी, गाँजा, भांग, खाएर मातिने जस्ता काम गर्छन् । जसले गर्दा जिल्ला प्रशासन कार्यालय मकवानपुर र जिल्ला प्रहरी कार्यालय मकवानपुरले कुनै पनि व्यक्तिको इच्छा विपरीत फोहर पानी तथा लोला, मोविल केमिकल, प्रयोग नगर्न आग्रह गर्नुभएको छ। यस्तै मादक पदार्थ तथा लागू पदार्थ सेवन नगरी सभ्य र सुरक्षित तरिकाले होली मनाउन प्रहरीले आग्रह गरेको छ। मर्यादित र शिष्ट रुपमा आफन्त र चिनजानका साथीसँग मात्र होली खेल्न आग्रह गरिएको हो । होली पर्वलाई मध्यनजर गर्दै प्रहरीले सुरक्षा व्यवस्था कडा बनाएको छ। जिल्ला प्रहरी कार्यालय मकवानपुरका प्रहरी नायव उपरीक्षक श्यामु आर्यालले हेटौंडा उपमहानगरभित्र मात्र २ सय ६७ जना प्रहरी परिचालन हुने जानकारी दिनुभयो । यसैगरी १७ वटा प्रहरी चोकपोइन्टबाट मापसे गरेर सवारीसाधन चलाउने, अभद्र व्यवहार गर्नेलाई निगरानी गर्ने उहाँले बताउनुभयो। यदि कसैले उक्त गतिविधी गरे प्रहरीले नियन्त्रणमा लिने उहाँको भनाई छ ।

## श्री मालपोत कार्यालय मकवानपुरबाट मितिः २०८१/११/२७ मा जारी भएको छुट जग्गा दर्ता तथा नामसारीको

## हकदावी सम्बन्धी ३५ दिने सार्वजनिक सूचना

निवेदक : प्रसनी माया लोप्चन (पत्नि) जग्गावाला : इमान सिङ लोप्चन(पति)

यसमा जिल्ला मकवानपुर साविक पदमपोखरी गाविस वडा नं. ८ का निम्नानुसारका जग्गा मेरो पति इमान सिङ लोप्चनको नाममा नाप नक्सा भई दर्ता गर्न छुट भएकोमा निज मेरी पति इमान सिङ लोप्चनको मिति २०७३/०४/२८ मा मृत्यु भईसकेकोमा निजको हक खाने निजकी एक मात्र पत्नि प्रसनी माया लोप्चन र छोराहरु जेठा राजु लोप्चन र कान्छो सुक्र सिं लोप्चन र २ जना छोरीहरु भएकोमा दुवै छोरीहरुको विवाहदान भईसकेको र दुई छोराहरुको मंजुरीले म पत्नि प्रसनी माया लोप्चनको नाममा एकलौटी छुट जग्गा दर्ता नामसारी गरी पाउँ भनि हेटौंडा उपमहानगरपालिका १२ नम्बर वडा कार्यालयको च.नं. ४०९५ मिति २०८०/११/०२ को छुट जग्गा दर्ता सम्बन्धी हकभोग खुलेको सिफारिस पत्र, नाता प्रमाणित प्रमाणपत्र, हेटौँडा उपमहानगरपालिका वडा नं. ३ को च.नं. २४८२ मिति २०८१/११/१९ को हकदार सिफारिस तथा वडा सर्जमिन मुचुल्का, साविक लगत, फिल्डबुक उतार तथा मृत्यु दर्ता समेत संलग्न राखी यस कार्यालयमा द.नं. ०१ मिति २०८०/११/०३ मा माग दावी निवेदन पेश हुन आएकोले यो सार्वजनिक सूचना प्रकाशित गरिएको छ । अतः तल उल्लेखित जग्गा निवेदकको नाममा छुट जग्गा दर्ता नामसारी गरिदिदा अन्य कोही कसैको हक, अधिकार तथा स्वामित्वमा प्रतिकूल असर पर्ने भएमा वा निवेदकको नाममा दर्ता गर्न नमिल्ने भएमा वा निवेदकका माग दावी सत्य नभई झुठा भए वा निवेदक तथा मंजुरी दिने भन्दा बाहेक अन्य कोही हकवाला भए वा निवेदक तथा मंजुरी गर्नेहरु बाहेक अरु कसैको हकभोग भएको भए वा साँध सधियार तथा सरोकारित व्यक्तिहरुको स्वामित्व लगायतमा प्रतिकूल असर/फरक पर्छ भने वा सरकारी, सार्वजनिक जग्गाहरु, वन जङ्गल, नदि खहरे, भू-संरक्षणका क्षेत्रहरु घुसेको भए वा धार्मिक तथा पुरातात्विक संरचनाहरुलाई असर पर्ने भए यो सूचना प्रकासित/जारी भएको मितिले पैंतीस दिन भित्र मालपोत कार्यालय मकवानपुरमा स-प्रमाण दाबी-उजुरी गर्न आउनुहोला। अन्यथा निवेदकहरुको माग बमोजिम भई जानेछ। पछि कुनै उजुरबाजुर लाग्ने छैन ।

**तपसिल**

| सि.नं. | फिल्डबुकको व्यहोरा | | | | | | साविक लगतको विवरण |
|---|---|---|---|---|---|---|---|
| | जग्गावाला | साविक गाविस नपा. | वडा नं. | कित्ता नं. | क्षेत्रफल (वि.ज.) | कैफियत/ निवेदक | |
| १ | जीत बहादुर बोलन पं. पदमपोखरी वडा नं.-८ बावु-कामी सिं (जि.म.ना.स.स. को मिति २०३४/११/०३) निर्णय बमोजिम दर्ता यस टोलीका द.नं. ६० मिति २०३०/०७/०९ को तोक आदेश अनुसार दर्ता बदर भएको | पदमपोखरी | ८ | २१३ | ०-१८-० | माया लोप्चन | जिल्ला मकवानपुर, पदमपोखरी, मौजे-भोर्ले रै नं. ३०९ जग्गाधनि इमान सिं लोप्चन |

# हेटौंडा सिमेन्ट उद्योगले चैत दोस्रो सातादेखि उत्पादन गर्ने

समाज संवाददाता

हेटौँडा : हेटौंडा सिमेन्ट उद्योग व्यवस्थापनले आगामी चैतको दोस्रो साताबाट पुनः सिमेन्ट उत्पादन सुरु गर्ने जनाएको छ। गत असोज पहिलो साताबाट बन्द भएको सिमेन्ट उत्पादन पुन सुरु गर्ने तयारी भएको उद्योग व्यवस्थापनले जनाएको हो ।

यसअघि उद्योग व्यवस्थापनले मङ्सिरमै सिमेन्ट उत्पादन सुरु गर्ने बताए पनि उद्योगको विभिन्न उपकरणहरु मर्मत र आर्थिक अभावको समस्याका कारण उत्पादन सुरु हुन नसकेको हो। "उद्योगको क्लिङ्कर मेसिन लगायतका उपकरणहरुको मर्मत कार्य भइरहेको छ, चैत्र पहिलो सातासम्ममा विद्युतको व्यवस्थापन गरेर सम्भवतः चैत्र दोस्रो साताबाट उत्पादन सुरु हुन्छ", उद्योग व्यवस्थापन समितिका अध्यक्ष नरेन्द्र भण्डारीले भन्नुभयो। उद्योगका निमित्त महाप्रबन्धक नविन कुमार कर्णले पनि उद्योग संचालनमा आउने बताउनुभयो । "तीन महिनादेखि कर्मचारीले तलब खान पाएका छैनन्, साथै विहान बेलुकाको समयमा विद्युत काटिँदा समस्या भएको छ । हामीले विद्युत ग्रीड महाशाखा हेटौँडामा कुरा गरेका छौं, चैत्र पहिलो साताबाट विद्युत नियमित गर्ने कुरा छ । त्यसो भएमा हामी चैत दोस्रो साताबाटै उत्पादन सुरु गर्न सक्नेछौं", उहाँले भन्नुभयो। उद्योग संचालनका लागि उहाँले सबैलाई सहयोग गर्न विज्ञप्ती मार्फत अनुरोध समेत गर्नुभएको छ ।

निमित्त महाप्रबन्धक कर्णले विज्ञप्ती मार्फत कामदार कर्मचारीहरुको तलब भत्तासमेत भुक्तानी हुन नसकिरहेको उद्योगको वर्तमान जटिल अवस्थामा उत्पादन नै यस अवस्थाबाट उन्मुक्ति दिलाउने प्रमुख आम्दानीको स्रोत भएको बताउनुभएको छ । उहाँले सबैको साथ र सहयोगबाट उद्योगमा सकारात्मक परिर्वतन ल्याउन सकिने साथै उद्योगलाई जिवन्त राख्न सकिने भन्दै भन्दै सबैलाई सहयोग गर्न आग्रह गर्नुभएको छ। उद्योग संचालनका लागि आवश्यक अहिले ढुंगा समेत झर्न थालिएको उहाँले जानकारी दिनुभयो ।

यसअघि पनि आर्थिक अभावका कारण उद्योग पटक-पटक बन्द हुँदै आएको छ। उद्योग बन्द हुने अवस्थामा पुगेपछि स्थानीय संघर्ष समितिले उद्योग संचालनका लागि आन्दोलन समेत गरेका थिए । २०३३ सालमा हेटौंडाको लामसुरेमा स्थापना भएको उक्त उद्योगले २०४३ सालदेखि सिमेन्ट उत्पादन सुरु गरेको थियो ।

# आजबाट ७ ए साइट फुटबल

समाज संवाददाता

हेटौंडा : हेटौंडामा आज बिहिबारबाट ७ ए साइट नकआउट फुटबल प्रतियोगिता हुने भएको छ । हेटौंडा-४ स्थित कर्रा युथ क्लबको आयोजनामा श्रमिक माविको खेलमैदानमा फुटबल प्रतियोगिता हुने भएको हो ।

प्रतियोगितामा सहभागी हुने प्रत्येक टिममा १० जना खेलाडी हुनेछ । प्रतियोगिताको उपाधि विजेता टिमले २० हजार रुपैयाँसहित शिल्ड, मेडल तथा प्रमाणपत्र प्राप्त गर्नेछ भने उपविजेता टिमले १० हजार रुपैयाँसहित शिल्ड, मेडल तथा प्रमाणपत्र प्राप्त गर्नेछ।

# बागमतीको एक घरमा आगलागी

समाज संवाददाता

हेटौंडा : पूर्वी मकवानपुरको बागमती गाउँपालिकाको एक घरमा आगलागी भएको छ। बुधबार बिहान ९ बजेर ३० मिनेटको समयमा बागमती-१, बोटगाउँका ६१ वर्षीय फागुनी राईको १ तल्ला घरमा आगलागी भएको हो । राईको बाँस र काठले बनेको, खरले छाएको एकतले घरको भान्सा कोठामा दाउराबाट खाना पकाउने क्रममा आगोको झिल्का निस्किएर घरको छानामा सल्किएर आगलागी भएको प्रहरीले जनाएको छ ।

राईको घरमा आगलागी भएको खबर प्राप्त हुनासाथ प्रहरीचौकीबाट प्रहरी सहायक निरीक्षक रमाकान्त प्रसाद यादवको नेतृत्वमा घटनास्थलमा पुगेर स्थानीयको सहयोगमा १० बजेको समयमा आगो नियन्त्रणमा लिएको जिल्ला प्रहरी कार्यालय मकवानपुरले जानकारी दिएको छ । प्रहरीका अनुसार घरमा रहेको ६ मुरी मकै र १५ मुरी धान जलेर नष्ट भएको छ। कुनै किसिमको मानवीय क्षति नभएको प्रहरीले जनाएको छ ।

# क्यानको कन्ट्र्याक्टमा मकवानपुरका रिजन र शुभ

समाज संवाददाता

हेटौँडा : नेपाल क्रिकेट संघ (क्यान) को सेन्ट्रल कन्ट्र्याक्टमा मकवानपुरका २ खेलाडी परेका छन्। बुधबार क्यानले सामाजिक सञ्जाल मार्फत क्यानको सेन्ट्रल कन्ट्र्याक्टमा परेका खेलाडीहरुको नाम सार्वजनिक गर्दा मकवानपुर का रिजन ढकाल र शुभ कंशाकार पर्न सफल भएका हुन् ।

क्यानले हरेक वर्ष सेन्ट्रलमा खेलाडीहरुलाई समावेश गर्ने गरेको छ । समूह क, समूह ख, समूह ग र समूह घ बाट तथा इमर्जिङ समूहमा खेलाडीहरुलाई समावेश गरेर क्यानले नाम सार्वजनिक गरेको छ । क्यानले विभिन्न प्रतियोगितामा सहभागिता जनाएर उत्कृष्ट प्रदर्शनी गर्ने खेलाडीलाई कन्ट्र्याक्टमा राख्ने गरेको छ। खेलाडीहरुको मासिक पारिश्रमिक निर्धारण गर्नका लागि वार्षिक रुपमा समूह विभाजन गरेर समावेश गर्ने गरेको छ । मकवानपुरका शुभ कंशाकार एमर्जिङ समूहमा अटाएका छन् भने रिजन ढकाल समूह 'घ' मा अटाउन सफल भएका छन् । समूह 'क' मा परेका खेलाडीलाई क्यानले मासिक एक लाख रुपैयाँ, समूह 'ख' मा समावेश खेलाडीलाई ७० हजार रुपैयाँ, समूह ग मा समावेशलाई ५५ हजार रुपैयाँ र समूह 'घ' का खेलाडीलाई ३५ हजार रुपैयाँ मासिक रुपमा प्रदान गरिनेगरी क्यानले पारिश्रमिक निर्धारण गरेको प्रदेश तथा जिल्ला क्रिकेट संघका सदस्य सञ्जोक पोखरेलले बताउनुभएको छ।

यस्तै, महिलातर्फ समूह क का लागि ५० हजार रुपैयाँ, 'ख' का लागि ३५ हजार रुपैयाँ, 'ग' का लागि २५ हजार रुपैयाँ र 'घ' का लागि २० हजार रुपैयाँको मासिक तलब दिने गरी क्यानले निर्धारण गरेको छ।

# रुखबाट लडेर हिरालाल घाइते

समाज संवाददाता

हेटौँडाः हेटौँडा-११, नवलपुरमा रुखबाट लडेर एक जना पुरुष घाइते भएका छन् । घाइते हुनेमा ३७ वर्षीय हिरालाल गिरी रहेको बागमती प्रदेश प्रहरी कार्यालय हेटौँडाले जानकारी दिएको छ ।

मंगलबार बिहान ११ बजेको समयमा हिरालाल बडरको रुखमा घाँस काट्ने क्रममा लडेर घाइते भएका थिए। घाइते हिरालालको सिएमसि चुरेहिल अस्पतालमा सामान्य उपचार पश्चात थप उपचारका लागि चितवनस्थित पुरानो मेडिकल कलेज भरतपुर प्रहरीले जानकारी दिएको छ ।

डढेलोबाट बचौं र बचाऔं ।

- सलाई र लाईटरजस्ता प्रज्वलनशील वस्तु बालबालिकाले भेट्ने ठाउँमा नराखौं,
- जंगलमा सलाई तथा लाईटरको प्रयोग नगरौं र गर्ने पर्ने भए सावधानीपूर्वक प्रयोग गरी राम्रोसँग निभाऔं,
- सानो असावधानीले जंगलमात्र होईन आसपासका बस्तीसमेत उजाड हुन सक्छन्,
- जन, धन र वनको संरक्षण गरौं,

सचेत बनौं, डढेलोबाट आफू पनि बचौं र अरुलाई पनि बचाऔं ।

मनहरी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
रजैया मकवानपुर

समृद्धि प्रकाशन प्रा.लि. द्वारा प्रकाशित, ठेगानाः हेटौंडा-४, अजरअमररोड, ०५७-५२६८३०, Email:sambridhasamaj@gmail.com, website:www.samriddhasamaj.com, प्रबन्ध निर्देशकः रोजिना श्रेष्ठ, सम्पादकः सुरेश श्रेष्ठ